# लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३

कम्पनी ऐन, २०६३ को दफा १८३ ले लगानीकर्ता संरक्षण कोषको स्थापना, व्यवस्थापन तथा संचालन गर्ने व्यवस्था गरेकोले कानून बमोजिम सो कोषको व्यवस्थापन तथा संचालन गर्न सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ९ बमोजिम यो कार्यविधी तयार गरी लागू गरीएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि २०७२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद - २

## परिभाषा

२. **परिभाषाः**

(क) "कोष" भन्नाले कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम स्थापना भएको कोष सम्झनु पर्छ ।

(ख) "लगानी नीति" भन्नाले नेपाल सरकारले समय समयमा घोषणा गरेको लगानी नीति सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(घ) "बोर्ड" भन्नाले धितोपत्र ऐन, २०६३ को दफा ३ बमोजिम स्थापित नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(च) "कम्पनी" भन्नाले ऐन बमोजिम कार्यालयमा दर्ता भएको कम्पनी सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले ऐनको दफा १८३ को उपदफा (३) बमोजिम कोषको व्यवस्थापन तथा सञ्चालनका लागि गठन हुने समिति सम्झनु पर्छ ।

(ज) "संस्था" भन्नाले बोर्डबाट धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र प्राप्त धितोपत्र बजार सञ्चालन गर्ने संस्था सम्झनु पर्छ ।

## परिच्छेद - ३

## कोषको स्थापना र कार्य

३. **कोषको स्थापनाः**

(१) ऐनको दफा १८३ को उपदफा (१) बमोजिम एउटा लगानीकर्ता संरक्षण कोष स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको लगानीकर्ता संरक्षण कोषको व्यवस्थापन तथा सञ्चालनका लागि ऐनको दफा १८३ को उपदफा (३) बमोजिम देहाय बमोजिमको एक समिति गठन गरिएकोछ ।

(क) कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार;

(ख) नेपाल धितोपत्र बोर्डका अध्यक्ष वा निजको प्रतिनिधि र

(ग) संस्थाको तर्फबाट बोर्डले नियुक्त गरेको नेपाल स्टक एक्सचेन्जको एक प्रतिनिधि

(३) समितिले कोषमा रहेको रकम ऐनको दफा १८३ को उपदफा (२) बमोजिम पुँजी बजार, लगानी नीति, कम्पनि कानून वा व्यापार तथा व्यवसाय सम्बन्धी पेशागत कानूनको सुधार गर्न, कार्यालय वा कम्पनीका कर्मचारीलाई प्रशिक्षण दिन वा कम्पनी प्रशासन सम्बन्धी अन्य कार्यमा खर्च गर्नेछ ।

४. **कोष व्यवस्थापन तथा संचालन समितिले गर्ने कामहरु**

(१) कम्पनी कानून तथा व्यापार तथा व्यवसाय सम्बन्धी पेशागत कानून, नीति, नियममा समसामयीक सुधारका लागि आवश्यक कार्य गर्ने ;

(२) कम्पनी रजिष्ट्रारको कार्यालयका कर्मचारीको क्षमता विकासका लागी प्रशिक्षण वा तालिम दिने ;

(३) बोर्ड, संस्था, कम्पनीका कर्मचारी एवम् कम्पनी सचिव, लेखापरीक्षक, कानून व्यवसायी र कम्पनीका सञ्चालकहरुलाई कम्पनी कानून तथा कम्पनी प्रशासनका सम्बन्धमा प्रशिक्षण वा अभिमुखीकरण तालिम दिने ;

(४) कम्पनी प्रशासन, पूँजी बजारको विकास तथा लगानीकर्ता संरक्षण सम्बन्धमा प्रचार प्रसार, प्रकाशन, छलफल तथा गोष्ठीको आयोजना गर्ने ;

(५) पूँजी बजारसंग सम्बन्धित नियम कानूनमा आवश्यक सुधार गर्न सिफारिस गर्ने तथा

पूँजी बजार सम्बन्धमा कार्यालय, बोर्ड, बजार एवम् कम्पनीका कर्मचारी तथा लगानीकर्तालाई तालिम प्रदान गर्ने ;

(६) लगानीकर्ता संरक्षणको सम्बन्धमा आवश्यक नीति नियमको विकासका लागि कार्य गर्ने तथा अन्य आवश्यक कार्य गर्ने ;

(७) कम्पनीको संस्थागत सुशासन कायम गर्न आवश्यक पर्ने नीति नियम तर्जुमा गर्न सम्बन्धित निकायहरु संग समन्वय गर्ने ;

(८) कम्पनीको संस्थागत सुशासनका सम्बन्धमा अध्ययन तथा अन्य आवश्यक कार्य गर्ने ;

(९) लगानीकर्ता हित संरक्षणका लागि आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद - ४

## कोषको आयश्रोत

५. **कोषको आय:**

(१) ऐनमा व्यवस्था भए बमोजिम कोषमा निम्नानुसारको रकम जम्मा हुनेछ :-

(क) ऐनको दफा १८३ को उपदफा (१) अनुसार ५ वर्ष सम्म लगानीकर्ताको दावी प्रस्तुत हुन नआएको रकम,

(ख) ऐनको दफा १८२ को उपदफा (९) बमोजिम ५ वर्ष सम्म पनि लगानीकर्ताले बुझि नलिएको लाभांशको रकम,

(ग) खण्ड (क) तथा (ख) बमोजिमको रकममा प्राप्त ब्याज, लाभाँश वा अन्य प्रकारबाट बढे बढाएको रकम,

(घ) नेपाल सरकार, कुनै दातृ संस्था वा कुनै व्यक्ति वा निकायबाट प्राप्त रकम,

(ङ) अर्थ मन्त्रालयको पूर्व स्वीकृतिमा कुनै बिदेशी दातृसंस्था, व्यक्ति वा निकायबाट प्राप्त हुने रकम ।

(२) कोषको सवै रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली राखिनेछ ।

(३) कोषमा ऐनको दफा १८२ को उपदफा (९) तथा १८३ को उपदफा (१) बमोजिमको रकम जम्मा गर्नु भन्दा अगाडि १ महिनाको म्याद दिई उक्त म्याद भित्र सो रकम बुझ्न आउनु भनि राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

६. **कोषको खाता:**

(१) कोषको रकम जम्मा गर्नका लागि कुनै बाणिज्य बैंकमा खाता खोली सोही खाता मार्फत रकम लिने दिने कार्य गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खाता खोल्दा एक मूल खाता र अन्य सहायक खाता समेत गरी कम्तीमा दुईवटा खाता खोलिनेछ । सहायक खाता आवश्यकता अनुसार एक भन्दा बढी खोल्न सकिने छ ।

(३) कोषको मूल खातामा देहाय बमोजिमको रकम जम्मा गरिनेछ,-

(क) ऐनको दफा १८३ को उपदफा (१) अनुसार ५ वर्ष सम्म लगानीकर्ताको दावी प्रस्तुत हुन नआएको रकम,

(ख) ऐनको दफा १८२ को उपदफा (९) बमोजिम ५ वर्ष सम्म पनि लगानीकर्ताले बुझि नलिएको लाभांशको रकम,

(४) कोषको सहायक खातामा देहाय बमोजिमको रकम जम्मा गरिनेछ,-

(क) मूल खाताको रकममा प्राप्त ब्याज वा त्यस्तो रकमको लगानीबाट बढे बढाएको रकम,

(ख) नेपाल सरकार, कुनै दातृ संस्था वा कुनै व्यक्ति वा निकायबाट प्राप्त रकम,

७. **कोषमा रकम जम्मा गर्ने कार्यविधी:**

(१) ऐनको दफा १८२ तथा १८३ अनुसार ५ बर्ष सम्म पनि लगानीकर्ताले बुझि नलिएको लाभाँश रकम वा लगानीकर्ताको दावी प्रस्तुत हुन नआएको रकम सम्बन्धमा त्यस्तो अवधि समाप्त भएको एक महिना भित्र कोषलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषलाई जानकारी गराएको एक महिना भित्र दफा ५ को उपदफा (३) बमोजिम राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त भएको पन्ध्र दिन भित्र सम्बन्धित कम्पनीले दफा ६ को उपदफा (३) बमोजिमको रकम कोषमा दाखिला गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कोषमा रकम दाखिला गर्दा सम्बन्धित कम्पनीले रकम बुझिलिन नआएका लगानीकर्ताको नाम ठेगानाका साथै सम्बन्धित आर्थिक बर्ष तथा सम्भव भए सम्म निजको पहिचान खुल्ने अन्य आवश्यक विवरण समेत संलग्न गर्नुपर्नेछ ।

**८. <u>कोषमा रकम जम्मा भएको निस्सा प्रदान गर्ने :</u>**

(१) दफा (७) बमोजिम कोषमा रकम दाखिला भए पश्चात समितिले अनुसूची-२ बमोजिम सम्बन्धित कम्पनीलाई रकम जम्मा गरेको निस्सा प्रदान गर्नेछ ।

## परिच्छेद - ५

## कोषको संचालन

**९. <u>कोषको खाता सञ्चालनः</u>**

(१) कोषको <u>मूल खातामा</u> जम्मा रहेको रकम सम्बन्धित व्यक्तिले दावी गर्न आएमा फिर्ता गर्ने बाहेक अन्य कार्यमा खर्च गर्न सकिने छैन ।

तर मूल खातामा रहेको रकम नमासिने गरी नेपाल राष्ट्र बैंक बाट जारी गरीने ऋणपत्र, कुनै वाणिज्य बैंकको मुद्दती खाता, नागरीक लगानी कोषको एकाकं योजना जस्ता ब्याज, लाभाँश वा अन्य आय प्राप्त हुने कार्यमा समितिको निर्णयबाट लगानी गर्न कुनै बाधा पर्ने छैन ।

**१०. <u>कोषको सहायक खाताबाट गर्न सकिने खर्चहरुः</u>**

कोषको सहायक खातामा जम्मा भएको रकमको निम्न बमोजिमको प्रयोजनका लागि खर्च गरिनेछ :-

(क) पूँजी बजारको विकास तथा विस्तार सम्बन्धी कार्य गर्न,

(ख) लगानी सम्बन्धी नीति निर्माण, तथा संशोधन गर्न,

(ग) कम्पनी कानून वा व्यापार तथा व्यवसाय सम्बन्धी नेपालमा प्रचलित कानूनहरुको सुधार गर्न,

(घ) कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा बजारका कर्मचारी तथा कम्पनीका कर्मचारीहरुलाई आवश्यक तालिम तथा प्रशिक्षण दिन,

(ङ) कम्पनी प्रशासन सम्बन्धी अन्य आवश्यक काम गर्न,

(च) कम्पनी तथा पूँजी बजार सम्बन्धी कानून तथा लगानीकर्ता संरक्षण सम्बन्धमा विभिन्न संचार माध्यमबाट प्रचार प्रसार, जानकारीमूलक प्रकाशन, तालिम, गोष्ठी तथा छलफल गर्न,

(छ) कोषको सञ्चालनका लागि प्रशासनिक कार्य गर्न तथा आवश्यक भौतिक पूर्वाधार तयार गर्न,

(ज) लगानीकर्ता संरक्षणका लागि आवश्यक अन्य कार्य गर्न,

**११. <u>कोषको खर्च सम्बन्धी कार्यविधीः</u>**

(१) दफा १० मा तोकिए बमोजिमका कुनै कार्यका लागि रकम खर्च गर्न आवश्यक भएमा समितिको निर्णयबाट मात्र खर्च गर्न सकिनेछ ।

(२) प्रत्येक आर्थिक बर्षमा हुन सक्ने खर्चका सम्बन्धमा समितिले बार्षिक कार्यक्रम तथा सो का लागि अनुमानित खर्च समेतको व्यवस्था गरी बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत कार्यक्रम तथा बजेट खर्चका सम्बन्धमा प्रत्येक त्रैमासिक अवधि पश्चात कार्यक्रम पुनरावलोकन गरी आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको कार्य सम्पन्न गर्न कार्य बिवरण र कार्यविधि तोकि कुनै व्यक्ति वा संस्था मार्फत गर्न आवश्यक देखिएमा समितिले सो कार्यका लागि आवश्यक कार्यविधि तोकि बजेटको समेत व्यवस्था गरिदिन सक्नेछ ।

(५) समितिले कुनै प्रकारको कार्य अगाडि बढाउन प्रस्ताव माग गरी कार्य अगाडि बढाउन उपयुक्त हुने देखेमा सम्बन्धित पक्षसंग प्रस्ताव माग गरी कार्य अगाडि बढाउन सक्नेछ ।

(६) प्रस्ताव माग गरी कार्य अगाडि बढाइएकोमा त्यस्तो प्रस्तावकले प्रस्ताव पेश गर्दा आवश्यक पर्ने बजेट र कार्यको विवरण समेत निवेदन साथै पेश गर्नु पर्नेछ ।

(७) प्रस्तावकले प्रस्ताव पेश गरेको ३० दिनभित्र कोषबाट स्वीकृत हुने वा नहुने सो को जानकारी कोषबाट दिइने छ ।

(८) उपदफा (४), (५) र (६) बमोजिमको कार्यका लागि कोषबाट रकम निकाशा दिँदा कोष र प्रस्तावक वीच संझौता गरी सो संझौता र कार्य सम्पादनको प्रगति अनुसार किस्ताबन्दीमा निकाशा दिने व्यवस्था गर्नुपर्नेछ ।

(९) समितिको स्वीकृती प्राप्त नगरी प्रस्ताव भन्दा बढी रकम खर्च भएको दावी परेमा त्यस्तो रकम कोषबाट उपलब्ध गराईने छैन ।

१०) कोषबाट रकम निकासा लिने व्यक्ति वा संस्थाले आफूले सम्पन्न गरेको कामको विवरण तथा खर्चको विवरण कार्यक्रम सम्पन्न भएको ३० दिन भित्र कोषमा बुझाई हिसाब फरफारक गर्नु पर्नेछ ।

**१२. <u>रकममा दावी पर्न आएमा फिर्ता गर्न सक्ने:</u>**

(१) ऐनको दफा १८२ को उपदफा (९) तथा दफा १८३ को उपदफा (१) बमोजिम कोषमा जम्मा हुन आएको रकमको वास्तविक हकवालाले सो रकम पाउनका लागि सम्बन्धित कम्पनीमा दावी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वास्तविक हकवालाको दावी पर्न आएमा सो प्रमाणित गरी सम्बन्धित कम्पनीले सो रकम निकासाका लागि कोषमा लेखि पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखि आएमा सम्बन्धित हकवालाले पाउने गरी कोषको मूलखाताबाट सम्बन्धित कम्पनीलाई सो रकम उपलब्ध गराईनेछ ।

## परिच्छेद - ६

## कोषको कार्यालय तथा कर्मचारी

**१३. <u>कोषको दैनिक कार्य संचालन:</u>**

(१) कोषको दैनिक कार्य संचालनका लागि समितले समय समयमा आवश्यक कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(२) समितिले कार्यालयको कुनै अधिकृत स्तरको कर्मचारीलाई सचिवको कार्य गर्ने गरी जिम्मेवारी दिन सक्नेछ ।

(३) कोषको आवश्यकता अनुसार बढीमा पांच जना सहयोगी कर्मचारी काज वा करारमा राख्न सकिनेछ । कोषको कार्य गर्ने सचिव वा कर्मचारीलाई निजले खाइपाई आएको तलबको २५ प्रतिशत रकम भत्ताको रुपमा दिइनेछ ।

**१४. <u>कोषको खर्च अभिलेख:</u>**

(१) ऐनको दफा १८३ को उपदफा (४) को प्रयोजनका लागि कोषबाट भएका खर्चहरुको विवरण कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) कार्यालयबाट प्राप्त निर्देशन अनुसार कोषबाट हुने खर्चको अभिलेख राख्ने तथा विवरण पेश गर्ने सम्बन्धमा आवश्यक सुधार गरिनेछ ।

## परिच्छेद - ६

## कोषको लेखा तथा लेखा परीक्षण

**१५. <u>कोषको लेखा तथा लेखा परीक्षण:</u>**

(१) कोषको आय तथा खर्चको लेखा दुरुस्त राख्ने दायित्व समितिको हुनेछ ।

(२) कोषले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महीनाभित्र सो आर्थिक वर्षको आय व्ययको हिसाब, वासलात तथा लेखा सम्बन्धी विवरण तयार गर्नेछ ।

(३) कोषको हिसाब किताब र श्रेस्ताको लेखापरीक्षण समितिमा प्रतिनिधित्व गरेको कार्यालयमा कुनै प्रकारको हित नगाँसिएको स्वतन्त्र लेखा परीक्षकबाट गरिनेछ ।

(४) कोषको लेखा परीक्षण विवरणको प्रतिलिपी कार्यालय र बोर्डमा समेत पठाइनेछ ।

## परिच्छेद - ७

## समिति सम्बन्धी व्यवस्था

**१६. <u>समितिको बैठक:</u>**

(१) कोषको बैठक आवश्यकता अनुसार रजिष्ट्रारको निर्देशनमा सचिवले बोलाउनेछन् । तर रजिष्ट्रार बाहेकका बाँकी सदस्यले बैठक बोलाउन आवश्यक छ भनी बैठकमा छलफल हुने बिषय सूची सहित रजिष्ट्रार समक्ष पेश गरेमा रजिष्ट्रारले त्यस्तो जानकारी प्राप्त भएको एक हप्ता भित्र समितिको बैठक बोलाउन निर्देशन दिनेछ ।

(२) समितिको बैठक एक बर्षमा कम्तिमा छ पटक बस्नेछ ।

तर दुईवटा बैठकको बीचको फरक दुई महिना भन्दा बढी हुने छैन ।

(३) बैठकको निर्णय समितिको सहमतिबाट हुनेछ । कुनै विषयमा समितिको सहमति कायम हुन नसकेमा रजिष्ट्रार समेतको बहुमतको राय मान्य हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**१७. <u>बैठक भत्ता प्रदान गर्नेः</u>**

(१) सार्वजनिक बिदाका दिन र कार्यालय समय भन्दा अघि वा पछिको समयमा समितिको बैठक बस्नु पर्ने भएमा समितिका सदस्यलाई प्रति बैठक एकहजार पाँचसय रुपैयाँ बैठक भत्ता प्रदान गरिनेछ ।

(२) समितिको बैठकमा कुनै बाह्य व्यक्तिलाई आमन्त्रित गर्नुपर्ने भएमा निजलाई समितिको बैठकमा भाग लिए बापत समितिको सदस्य सरह बैठक भत्ता प्रदान गरिने छ ।

(३) समितिको बैठकमा भाग लिए बापत प्रदान गरिएको बैठक भत्ता सहायक खाताबाट खर्च लेखी हिसाब मिलान गरिनेछ ।

## परिच्छेद - ८

## विविध

**१८. <u>कर्मचारीलाई काज खटाउन सक्नेः</u>**

(१) समितिका सदस्य वा कोष तथा कार्यालयका कर्मचारीलाई कोषको उद्देश्य र कार्यक्रम अनुसारको कामका लागि स्वदेश तथा विदेशमा काज खटाउन सकिनेछ । यसरी काज खटाउंदा सहायक खातामा जम्मा भएको रकमको ०.५ प्रतिशत भन्दा बढी खर्च गरीने छैन ।

(२) समितिका सदस्य वा कोष तथा कार्यालयका कर्मचारीलाई कोषको कामका लागि स्वदेश वा विदेशमा काज खटाउँदा प्रचलित कानून बमोजिम तोकिएको भत्ता तथा सुविधा प्रदान गरिनेछ ।

**१९. <u>कार्यविधिमा संशोधनः</u>**

(१) यस कार्यविधिमा संशोधन गर्नु परेमा समितिको निर्णयबाट गर्न आवश्यक संशोधन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको संशोधन मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

# अनुसूची- १

## (दफा ७ को उपदफा (४) संग सम्वन्धित)

क) रकम जम्मा गर्ने संगठित संस्थाको नाम :

ख) जम्मा गरिएको रकम सम्वन्धमा आर्थिक बर्ष अनुसारको विवरण :

रकम बुझिलिन नआएको आर्थिक बर्ष ..................................

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | ठेगाना | बाबुको नाम (संस्था भए संचालकको नाम) | बाजेको नाम (संस्था भएमा नपर्ने) | इच्छाइएको व्यक्ति वा अभिभावकको नाम वा ठेगाना | बुझिलिन बाँकी रहेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची- २

## (दफा ८ संग सम्वन्धित)

श्री ..................................

.................................

बिषय रकम जम्मा हुन आएको निस्सा प्रदान गरिएको ।

महोदय,

कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम स्थापित यस लगानीकर्ता संरक्षण कोषमा ............. ....... ..... .. ... ठेगाना रहेको ................ ..बाट मिति ................. ...........मा रु .................. ........जम्मा हुन आएकोले यो निस्सा प्रदान गरिएको छ ।

प्रमाणित गर्ने अधिकारीको

दस्तखत :

नाम :

पद :

# अनुसूची- ३

## (दफा १२ संग सम्वन्धित)

श्री लगानीकर्ता संरक्षण कोष

..................................

बिषय : **रकम फिर्ता गरिदिनु हुन** ।

उपरोक्त सम्वन्धमा यस संस्थाबाट त्यस कोषमा जम्मा गरिएको रकममा देहाय बमोजिमका व्यक्तिले आफ्नो दाबि प्रस्तुत गर्नु भएकोमा सो उपयुक्त देखिएकोले देहाय बमोजिमको रकम फिर्ता गरिदिनु हुन अनुरोध छ।

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | ठेगाना | बाबुको नाम (संस्था भए संचालकको नाम) | बाजेको नाम (संस्था भएमा नपर्ने) | इच्छाइएको व्यक्ति वा अभिभावकको नाम वा ठेगाना | दावी पर्न आएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

संस्थाको आधिकारिक व्यक्तिको :

नाम :

दस्तखत :

पद :